# वित्तीय चेतनाका लागि




## डिजिटल वित्तीय कारोबारको हिसाब

डिजिटल वालेट, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, SMS बैंकिङ लगायतका विद्युतीय भुक्तानीका माध्यमबाट भुक्तानी गर्दा वा रकमान्तर गर्दा कारोबार सफल नहुँदा पनि कहिलेकाहीं प्राविधिक कारणवश खाताबाट मौज्दात (Balance) घट्न सक्छ । यस्तो अवस्थामा रकम फिर्ता गर्नका लागि ग्राहकले खबर गरेमा वा नगरेमा देहायबमोजिमको अवधिभित्र ग्राहकको खातामा रकमको हिसाब मिलाउनुपर्ने व्यवस्था रहेको छः

**(क) विद्युतीय भुक्तानीका माध्यमहरू जारी गर्ने संस्था र भुक्तानी जानुपर्ने संस्था एउटै भएमा कारोबार भएपछिको एक दिन (T+1) भित्र,**

**(ख) विद्युतीय भुक्तानीका माध्यमहरू जारी गर्ने संस्था र भुक्तानी जानुपर्ने संस्था फरक फरक भई दुवै नेपाली संस्था भएमा कारोबार भएपछिको ३ दिन (T+3) भित्र,**

**(ग) विद्युतीय भुक्तानीका माध्यमहरू जारी गर्ने संस्था र भुक्तानी जानुपर्ने संस्था फरक फरक भई कुनै एक विदेशी संस्था भएमा कारोबार भएपछिको ३० दिन (T+30) भित्र**

उपर्युक्त समयसीमाभित्र हिसाब मिलाउने दायित्व उपकरण जारी (Issue) गर्ने र प्रयोग (Acquire) हुने दुवै संस्थाको हुन्छ । यससम्बन्धी थप जानकारी आवश्यक भएमा सम्बन्धित संस्थामा सम्पर्क गरौं ।

**नियामकीय व्यवस्थाप्रति जानकार रही डिजिटल वित्तीय कारोबार गरौं ।**

मिति: २०८१/०२/०८

नेपाल राष्ट्र बैंक
वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा

गुनासो दर्ता गर्ने अनलाइन पोर्टलः
www.gunaso.nrb.org.np
वित्तीय ग्राहक संरक्षण इकाइको सम्पर्क नं.:
०१-५७१९६०५



#TuesdayFinLitNRB #राष्ट्र_बैंकको_सन्देश